"मुसिकोट नगरको समृद्धिका आधार: सामाजिक विकास र न्यायसँगै कृषि,उद्योग,पर्यटन र पूर्वाधार"

मुसिकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वामीटक्सार, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

च.नं.: १३६५

प.सं.: २०८०/०८१

मिति २०८०/१०/१६

विषय: <u>सूचना प्रकाशन गरिएको सम्बन्धमा।</u>

**श्री वडा कार्यालय सबै,**

मुसिकोट नगरपालिका, गुल्मी।

प्रस्तुत विषयमा महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत महिला उद्यमशिलता विकास, वित्तीय पहुँच, टेवा पुंजी र प्रविधि सहयोग कार्यक्रमको लागि यस नगरपालिकाका इच्छुक महिला र महिला उद्यमीहरुको समूहले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र तपसिल बमोजिमको कागजातसहित निवेदन पेश गर्नुहुन अनुरोध छ।

**<u>आवश्यक कागजातहरु:</u>**

१. उद्योग/व्यवसाय दर्ता वा नवीकरणको प्रमाणपत्र

२. स्थायी लेखा नं वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र

३. कर दाखिला वा कर चुक्ताको प्रमाणपत्र

४. आवश्यकता अनुसार व्यवसायिक इजाजत पत्र

५. व्यवसायिक योजना

६. माग गरिएको प्रविधि र सो प्रविधिको क्षमता

२०८०/१०/१६

.............................

ढाल बहादुर जि.सी.

नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत



CamScanner

लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

## राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या: २०८०/०८१

चलानी नं.: ४८२

मिति: २०८०/१०/११

**विषय: महिला उद्यमी र महिला उद्यमी समुह सिफारिस गरी पठाउने सम्बन्धमा।**

श्री स्थानीय तह (सबै),
लुम्बिनी प्रदेश, नेपाल ।

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. रा.म.उ.स.इ./११७ मिति २०८०।०९।२९को पत्र साथ चालु आ.व.०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत राष्ट्रपति महिला सशक्तीकरण परियोजना (ब.उ.सि.न. ३४०००१०५) अन्तर्गत प्रत्येक प्रदेशका महिला उद्यमी तथा उद्यमी समुहलाई उद्यमशीलता प्रवर्धनका लागि प्रविधि सञ्चालन गर्न अख्तियारी पठाउने सन्दर्भमा यस प्रदेशमा कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालयको नाममा रु ४७,००,०००(अक्षरुपी सतचालिस लाख मात्र) को अख्तियारी प्राप्त हुन आएको छ। उक्त कार्यक्रम कार्यान्वयनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट जारी महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०७७ बमोजिम प्रदेशबाट २० जना महिला उद्यमीहरुलाई प्रति व्यक्ति अधिकतम २ लाख बराबर तथा १ वटा महिला उद्यमी समुहलाई अधिकतम रु ५ लाख बराबरको प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी मिति २०८०।१०।११को गोरखापत्र राष्ट्रिय दैनिकमा १५ दिनको सार्वजनिक सूचना समेत प्रकाशित भईसकेको छ।

तसर्थ महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ बमोजिम यस प्रदेशका सबै स्थानीय तहका ईच्छुक महिला उद्यमी र महिला उद्यमी समुहहरुबाट तोकिएको मिति भित्र सम्बन्धित स्थानीय तहमा आवश्यक कागजात सहित निवेदन पेश गर्ने, पेश भएका महिला उद्यमी तथा महिला उद्यमी समुहका निवेदनहरु मध्ये रितपूर्वक सबै कागजात पेश भएका निवेदकहरुलाई म्याद समाप्त भएको मितिले १५ दिन भित्र स्थानीय तहको सिफारिस र तपसिलको विवरण समेत तयार गरी सक्कल फाईल समेत सम्बन्धित जिल्लाको सामाजिक विकास डिभिजन कार्यालयमा पठाउने व्यवस्थाका लागि यस मन्त्रालयको (नि.सचिवस्तर) मिति २०८०।१०।११को निर्णयानुसार अनुरोध छ ।साथै उक्त सूचनाको प्रतिलिपि र कार्यविधि समेत यसै साथ संलग्न राखी पठाईएको व्यहोरा समेत अनुरोध छ।

| सि.नं | महिला उद्यमी /उद्यमी समुहको नाम | ठेगाना | महिला उद्यमीको नाम | फर्मको प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

बोधार्थ:

श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार काठमाण्डौ ।

श्री सामाजिक विकास डिभिजन कार्यालय (सबै), लुम्बिनी प्रदेश नेपाल।

शारदा बस्याल
प्र.म.बि.अ



CamScanner